NCF
NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल
COOP

च.नं. १३६।०८०।०८१

श्री सम्पूर्ण सदस्य संघहरू
श्री राष्ट्रिय सहकारी बैंक लि.

मितिः २०८०/०८/२५

**विषयः ३१ औं वार्षिक साधारण सभा सम्बन्धमा।**

यस महासंघको मिति २०८० मंसिर २४ गते बसेको २०९ औं संचालक समितिको वैठकको निर्णयानुसार ३१ औं वार्षिक साधारण सभा निम्नानुसारका प्रस्तावहरू उपर छलफल एवं निर्णय गर्ने गरी निम्न मिति, समय र स्थानमा बस्ने भएकोले त्यस संघ/बैंकको तर्फबाट साधारण सभामा भाग लिने राष्ट्रिय प्रतिनिधिको मनोनयन गरी तपशिलमा उल्लेखित विवरणहरू सहित आधिकारिक पत्र यस महासंघको इमेल agmncf@gmail.com मार्फत मिति २०८० पौष २३ गतेभित्र अनिवार्य रूपमा पठाईदिन हुन अनुरोध गर्दछु।

**छलफलका प्रस्तावहरू**

१) संचालक समितिको तर्फबाट प्रस्तुत अध्यक्षज्यूको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।
२) लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।
३) लेखा परिक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तसम्मको वासलात, आ.व. २०७९/८० को नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सम्बन्धमा छलफल गरी अनुमोदन गर्ने।
४) आ.व. २०८०/०८१ को वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने।
५) आ.व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने।
६) विभिन्न कोषका रकम जगेडा कोषमा सार्ने।
७) नीति, मार्गदर्शन र आन्तरिक कार्यविधिहरू पारित गर्ने।
८) साधारण सभाको निर्णयहरू प्रमाणित गर्ने प्रतिनिधिहरू चयन गर्ने।
९) विविध।
१०) संचालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन।

मिति : २०८० पौष २७ र २८ गते
समय : विहान ९:०० वजेदेखि
स्थान : राष्ट्रिय सहकारी महासंघको सभाहल, पूल्चोक, ललितपुर

**संलग्न गर्नुपर्ने कागजातहरू**

१) आर्थिक वर्ष २०७९/८० को लेखा परिक्षण प्रतिवेदन,
२) महासंघको विनियम २०५० (संशोधन सहित) को दफा १२ (२) बमोजिम सदस्यता शुल्क वापत वार्षिक न्यूनतम रू. ५,०००/ का अतिरिक्त दफा २क वमोजिम सदस्य संघ/बैंकको कूल पूँजी तथा दायित्वका आधारमा भुक्तानी गर्नुपर्ने वार्षिक सेवा शुल्क महासंघको राष्ट्रिय सहकारी बैंकको वानेश्वर शाखास्थित खाता नं. १३००००१४ वा राष्ट्रिय वाणिज्य बैंकको पूल्चोक शाखास्थित खाता नं. ११४०१००००२४०१००१ मा दाखिला गरेको बैंक भौचरको प्रतिलिपि,
३) महासंघको विनियम २०५० (संशोधन सहित) को दफा १८ (ख) अनुसार सदस्य संघ/बैंकले सदस्य संख्याको आधारमा राष्ट्रिय प्रतिनिधि तोकि पठाउदा संलग्न राष्ट्रिय प्रतिनिधि विवरण फारम पूर्ण रूपमा भरी पठाउनुपर्नेछ। एक भन्दा बढी प्रतिनिधि पठाउन सक्ने संघ/बैंकको हकमा सोही दफाको खण्ड ग बमोजिम मताधिकार प्रयोग गर्ने राष्ट्रिय प्रतिनिधि र मताधिकार प्रयोग नगर्ने राष्ट्रिय प्रतिनिधिहरूको विवरण,
४) राष्ट्रिय प्रतिनिधि मनोनयन सम्वन्धि साधारण सभा वा संचालक समितिले गरेको निर्णयको प्रतिलिपि।

पुनश्चः उल्लेखित विवरण र वार्षिक सेवा शुल्क तोकिएको मितिभित्र प्राप्त नभएमा राष्ट्रिय प्रतिनिधि कायम नरहने व्यहोरा समेत सूचित गरिन्छ।

निरन्तर सहयोग र सक्रिय सहभागिताको अपेक्षा सहित सहकारी अभिवादन!

निर्देशानुसार,

..............................
(चित्रा कुमारी थाम्सुहाङ्ग सुब्बा)
महाप्रबन्धक